हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY
वर्ष : ०१ अंक : २०२ पृष्ठ : ४ २०७७ फाल्गुन १० गते सोमबार (Monday 22 February 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६
यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

## 'सिरहामा पाँच हजारले लगाए कोभिड खोप'



**लहान ।** सिरहामा पाँच हजार ३ सय ५३ जनाले कोभिड-१९ विरूद्धको खोप लगाएका छन् । दुई चरणमा सञ्चालन भएका खोप कार्यक्रमअन्तर्गत जिल्लामा पहिलो चरणमा ३ हजार ४ सय २६ र दोस्रो चरणमा एक हजार ९ सय २७ जनाले खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

सरकारले तोकेको मापदण्डभित्र परेकाले जिल्ला अस्पताल, रामकुमार उमाप्रसाद स्मारक अस्पताल र मिर्चैया प्राथमिक स्वास्थ्य केन्द्रबाट खोप लगाइएको कार्यालयका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । खोप लगाउनेमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, निजामती कर्मचारी, जनप्रतिनिधि र सञ्चारकर्मी छन् ।

**सप्तरीमा ३ हजार २३८ जनाले खोप लगाए**

दोस्रो चरणको कोरोना भाइरस (कोभिड-१९) विरूद्धको खोप अभियानमा अन्तर्गत सप्तरीमा ८३ प्रतिशतले खोप लगाएका छन् । सप्तरीको ७ स्थानमा सञ्चालित कोरोना भाइरस (कोभिड-१९) विरूद्धको खोप केन्द्रमा ३ हजार २ सय ३८ जनाले खोप लगाएको स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनीयालाल यादवले जानकारी दिए ।

दोस्रो चरणमा ३ हजार ७ सय ९४ जना हसभागी हुने भनिएता पनि ३ हजार २ सय ३८ जनामात्र खोप लिन आएको यादवले जानकारी दिए ।

फागुन २ गते देखी र ५ कोभिड-१९ विरूद्धको खोप जिल्लाका विभिन्न सात स्वास्थ्य संस्थामा सञ्चालमा रहेको थियो । पहिलो चरणको ५ कोभिड(१९) विरूद्धको खोप कार्यकमा ९८.३४ प्रतिशतले खोप लगाइ सकेको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार गत आइतबारदेखि स्थानीय तहका

_____बाँकी ४ पेजमा

## प्रदेश प्रमुख झालाई १०१ किलोको माला लगाएर स्वागत

नवनियुक्त प्रदेश २ का प्रदेश प्रमुख राजेश झालाई जनकपुरधाममा १०१ किलोको माला लगाएर स्वागत गरिएको छ । आइतबार पदस्थापनका लागि प्रदेश २ का अस्थायी राजधानी जनकपुरधाम आइपुगेका पझालाई नेकपा ओली समूहका नेता कार्यकर्ताहरूले विमानस्थलमै माला लगादिएर स्वागत गरेका हुन् ।



दिउंसो ४ बजेर ४५ मिनेटमा जनकपुरधाम विमान स्थल आइपुगेका प्रदेश प्रमुख झालाई प्रदेश सरकारको तर्फबाट विमानस्थलको भीआईपी कक्षमा आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहाले स्वागत गरेका थिए । झा विमानस्थलबाट कडा सुरक्षाका बीच नेकपा ओली समूहको नेता कार्यकर्तासँगै प्रदेश प्रमुख कार्यालय पुगे । कार्यालयमा समेत नेकपा ओली समूहका नेताहरूले फुलमालाले स्वागत गरे ।

वर्तमान प्रदेश प्रमुख झा मधेस केन्द्रीत दल विरोधी रहेको भन्दै प्रदेश सरकारका मन्त्रीहरूले कडा आलोचना गरेका थिए । संचारकर्मीसँगको कुराकानीमा आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले मधेस विरोधीलाई प्रदेश सरकारले स्वीकार नगर्ने भनी प्रतिक्रिया दुई दिनअघि दिएका थिए ।

यता मुख्यमन्त्री लालबाबु राउतले केन्द्र सरकारको निर्णय हो मान्नैपर्ने बाध्यता रहेको

_____बाँकी ४ पेजमा

सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,०००/- देखि रु.३०,०००/- सम्मको बम्पर छुट
यस छुटको समयावधि यही २०७७ माघ १० गते देखि चैत्र १५ गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र, साथै यस छुटको अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller
हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोबाईल :- ९८०११५१४३८




फेब्रुअरी महिना : आयोडिन महिना
February :Iodine Month
नुन थोरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नुन मात्र खाऔं ।
साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
शाखा कार्यालय, लहान



फ्रेन्डस मोडेल हस्पिटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरु
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरु
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# ६ महिनामा ५०५ अभियुक्त पक्राउ

सप्तरी । विभिन्न मुद्दामा कैद तथा जरिवाना सजाय पाएर फरार रहेका ५०५ अभियुक्तलाई पक्राउ गर्न सप्तरी प्रहरी सफल भएको छ । चालु आर्थिक वर्ष २०७७र७८ को साउनदेखि माघ मसान्तसम्मको अवधिमा पछिल्लो पटक विगत पाँच महिनादेखि हालसम्म फरार रहेका अभियुक्तलाई प्रहरीले विभिन्न ठाउँबाट पक्राउ गर्न सफल भएको प्रहरी नायब उपरीक्षक भुवनेश्वरप्रसाद साहले जानकारी दिए ।



जबरजस्ती करणीका फरार अभियुक्त सप्तरीको सुरुङ्गा नगरपालिका–५ बस्ने २० वर्षीय मो. सहादतलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार फरार प्रतिवादीमा कुटपिट मुद्दाका सर्वाधिक छन् भने सवारी ज्यान, कर्तव्य ज्यान, गाली बेइज्जती, ठगी, जबरजस्ती करणी, लेनदेनलगायत मुद्दाका फरार प्रतिवादी पनि रहेको तथ्यांकमा उल्लेख छ ।

पक्राउ परेका फरार प्रतिवादीबाट ६५ वर्ष छ महिना २२ दिन कैद बक्यौता तथा जरिवानाको बक्यौता रू १२ लाख ७७ हजार ७२६ असुली गरिएको जिल्ला प्रहरी कार्यालय प्रनाउ साहको भनाइ छ । पक्राउ परेका सबैलाई अदालतमा उपस्थित गराई कैद भुक्तानका लागि राजविराज कारागार चलान गरिएको उनले बताए ।

त्यस्तै यस अवधिमा भन्सार छली गरी मिर्त्याइएका ८८ मोटरसाइकल, आठ अटोरिक्सा, पाँच ट्र्याक्टर, तीन पिकअप तथा दुई टेम्पो नियन्त्रणमा लिई कारवाही प्रक्रिया अगाडि बढाइएको छ । सवारीसाधनको रू दुई करोड ३४ लाख १७ हजार ५७२ अनुमानित मूल्यांकन गरी भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

यस अवधिमा जिल्लामा विभिन्न अपराधका ४३७ मुद्दा दर्ता भएका छन् । यो आँकडा गत आवको तुलनामा कम रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । यसैगरी सप्तरी प्रहरीले भारतबाट मोटरसाइकलमा तस्करी गरी ल्याउँदै गरेको ६४१ थान विभिन्न तयारी कपडा नियन्त्रणमा लिएको छ ।

गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय कडोरबोनाको टोलीले पूर्वपश्चिम राजमार्गअन्तर्गत सप्तरीको सुरुङ्गा नगरपालिकास्थित बलान खोला पुलमा जाँच गर्ने क्रममा तयारी कपडा नियन्त्रणमा लिएको हो । प्रहरीले तस्करीका कपडा र तस्करीमा प्रयोग भएका तीन वटा मोटरसाइकलसहित दुई तस्करलाई नियन्त्रणमा लिएको छ । रासस

# सुखद देखिँदैन राजनीतिको आगामी परिदृश्य

रवीन्द्र भट्टराई

प्रतिनिधिसभा विघटनबारे उठेको संवैधानिक तथा कानुनी विवादको निर्णय सर्वोच्च अदालतबाट अर्को सातासम्म आउने अवस्था देखा परेको छ । विगत तीन महिनादेखि नेपाली राजनीति संसद् विघटनको सिफारिस संवैधानिक हो कि होइन ? संसद् बिउँतिने कि निर्वाचन हुने ? भन्ने प्रश्नमा रूमल्लिइरहेको छ। पहिलो प्रश्नको उत्तर निकाल्नमा अदालतले गर्ने प्रयत्नले नै दोस्रो प्रश्नको उत्तर दिनेछ । साथै अदालतले संवैधानिक व्याख्यामार्फत नेपाली राजनीतिको आगामी परिदृश्यलाई मार्गप्रशस्त गर्नेछ ।

अदालतले संसद् विघटनको सिफारिस संवैधानिक ठहर गरेमा मुलुक चुनावी वातावरणमा धकेलिनेछ । असंवैधानिक ठहरेमा संसद्ले थप डेढ वर्ष विधायिकी र सरकार निर्माणको भूमिका निर्वाह गर्नेछ । ती दुवै अवस्थाका सम्भावित सामाजिक राजनीतिक परिप्रेक्ष्य कस्तो होला ? विघटन सिफारिस असंवैधानिक ठहरे त्यसपछिको परिदृश्य कस्तो होला ? यति बेला सबैको चासोको विषय छ ।

असंवैधानिक ठहर भएमा संसद् अधिवेशन आह्वान गर्ने अवस्था सिर्जना हुन्छ । असंवैधानिक ठहर गर्ने आधारहरुलाई समातेर सर्वोच्चले नै संसद्को अधिवेशन यो ढंगले बोलाउनू भनेर निर्दिष्ट गर्ने सम्भावना पनि छँदै छ । अझ अगाडि बढेर अदालतले विधायिकालाई संविधान संशोधन प्रक्रिया अगाडि बढाउनू पनि भन्न सक्छ ।

संविधान संशोधनमा जानू भन्न सक्ने सम्भावनालाई संविधानका केही प्रावधानले औंल्याउँछन् । उदाहरणका लागि संविधानको प्रस्तावनामा 'आवधिक निर्वाचन' लाई संवैधानिक र राज्यव्यवस्थाकै आधारशिला मानिएको छ । धारा २७४ मा संविधान संशोधनको अधिकार संघीय संसद्को दुवै सदनको दुई तिहाइ बहुमत सदस्यलाई हुने व्यवस्था छ ।

फेरि संविधानका कुनै पनि धारा संशोधन गर्न सकिने प्रावधान रहे पनि प्रस्तावना संशोधन गर्न सकिने कुरा सो धाराले खुलस्त गरेको छैन । अर्थात् प्रस्तावना असंशोधनीय छ ।

अर्कातिर, विघटनको सिफारिस असंवैधानिक ठहर भएमा संघीय संसद्को विघटन प्रधानमन्त्रीको सिफारिसमा अहिले भएजसरी हुन सक्दैन भन्ने मात्र अर्थ लाग्दैन । धारा ७६ को व्यवस्था संघीय तहमा प्रधानमन्त्रीसँग सम्बन्धित भएजस्तै व्यवस्था प्रदेशमा मुख्यमन्त्रीको नियुक्ति र प्रदेशसभा विघटनको सिफारिस गर्ने धारा १६८ मा छ ।

अदालतले प्रधानमन्त्रीबाट भएको सिफारिस भएजस्तै अवस्थामा प्रदेशसभाको विघटनको हकमा सिफारिस हुन सक्दैन भनेर संवैधानिक प्रावधानको व्याख्या गर्नुपर्ने हुन जान्छ । यसैले प्रधानमन्त्रीको सिफारिसको असंवैधानिकताको ठहरसँगै मुख्यमन्त्रीबाट हुन सक्ने प्रदेशसभाको विघटन सिफारिसका सम्भावना सधैंका लागि टरेर जानेछ ।

अदालतबाट विघटन सिफारिस असंवैधानिक ठहर्नेबित्तिकै निर्वाचन आयोगले दलको आधिकारिकता र चुनावचिह्नबारे लिनुपर्ने निर्णय थाती बस्न पुग्छ । भर्खरै मात्र नेकपाका संसदीय दलका उपनेता सुवास नेम्बाङले इलाममा गरेको भाषणमा नेकपाको अध्यक्ष ओली र दाहाल अनि वरिष्ठ नेता नेपाल खनाल कायम रहेको बताएका छन् ।

यसैले सिफारिसको असंवैधानिकता घोषणासँगै नेकपाका दुवै धारका सांसद संसद्मा एकै थलोमा एकै दलको सदस्यका हैसियतमा उपस्थित हुनुपर्नेछ । अनि त्यहीबाट दल विभाजन हुने वा दल त्याग गरेको अवस्था सिर्जना हुन्छ ।

विभाजित हुने कुराको वैधानिकता पाउने अवस्था भएन भने अल्पमत–बहुमत भएर एकै दलमा रहनु वा दल त्याग्नुको विकल्प रहँदैन । केही सदस्यको दल त्याग हुन गएमा संविधानको धारा ८४ (७) बमोजिम रिक्त सदस्य पदहरूको उपनिर्वाचन हुनेछ र बाँकी डेढ वर्षका लागि नयाँ सदस्य निर्वाचित भई आउनेछन् ।

प्रतिनिधिसभाले संविधान संशोधन, एमसीसी पारित गर्ने नगर्ने, कानुन तर्जुमा गर्ने अध्यादेश सकार्ने नसकार्ने लगायतका विधायिकी काम बाँकी डेढ वर्ष निरन्तर अगाडि बढाउनेछ ।

विघटनको सिफारिस संवैधानिक ठहरिए वैशाख १७ र २७ गते प्रतिनिधिसभाको सदस्यका लागि मतदान गराउने वातावरण बनाउन निर्वाचन आयोगको काम तीव्र हुनेछ । सरकारले अध्यादेशबाट निर्वाचनका लागि पूरक बजेटको प्रबन्ध गर्नेछ। नेकपाको दलीय स्वामित्व वैधता र चुनावचिह्नको पेचिलो प्रश्नलाई आयोगले आफ्नो तहबाट निर्णय दिनुपर्नेछ । त्यो आयोगको निर्णय न्यायिक निरुपणका लागि अदालत पुग्ने थप सम्भावना त बाँकी नै हुनेछ ।

वैधानिक ठहरपछि निर्वाचन आयोगको नेकपाको दलीयताको वैधताको निर्णय आउनुअगावै केही प्रदेशसभा विघटन गरिन सक्नेछन् र निर्वाचनका नयाँ कार्यक्रम आउन थाल्नेछन् । संघीयसँग प्रदेश तह पनि निर्वाचनमय हुने सम्भावना हुनेछ ।

वैशाखमा निर्वाचन भइहालेमा प्रतिनिधिसभामा कुनै दललाई सामान्य बहुमत प्राप्त हुने सम्भावना निकै कम छ । प्रतिनिधिसभामा कुनै दलले बहुमत ल्याउन सकेन भने दुई दलले सरकार बनाउने सहमति पनि नहुन सक्छ । त्यसो भयो भने प्रधानमन्त्रीको सिफारिसमा ७६ (७) बमोजिम मंसिरमा अर्को निर्वाचन गर्ने गरी प्रतिनिधिसभाकै निर्वाचनको नयाँ कार्यक्रम आउने सम्भावना उत्तिकै छ । तथापि, वैशाखको निर्वाचनमा कुनै दलले भिनो मात्रै बहुमत पाएमा अलिक सङ्लो राजनीतिक अवस्थाको सम्भावना भने नकार्न सकिँदैन ।

**राजनीतिक अन्योल वृद्धि सुनिश्चित**

राजनीतिको खेल बुद्धिचालभन्दा धेरै जटिल हुन्छ। राजनीतिका खेलाडीले सम्भावनाको खेललाई बढी खेलाउँछन् । तर प्रतिनिधिसभा विघटनको सिफारिसले सिर्जना गरेको अनिश्चितता, अन्योल र अस्थिरताको कम्पन मूलप्रवाही राजनीतिक खेलाडीका काबुमै रहन्छ कि रहँदैन भन्ने प्रश्न सबैभन्दा पेचिलो छ । हिजो सडकबाटै राजासहितको नागरिक राज्यसत्ता स्थापना गर्न राष्ट्रिय अभियान चलाउँदै आएका राजतन्त्रका पक्षपाती विघटनको मुद्दामा ओलीको पक्षमा ढाल बनेर उत्रेका छन् ।

राजतन्त्रको पुनःस्थापनाभन्दा पनि हिन्दू राज्यको पुनःस्थापना ओलीले गराउँछ भन्नेमा हिन्दूवादी अगुवा निकै उत्साहित छन् । पशुपतिनाथमा सुनको जलारी राख्न सरकारले थैली दिने भएसँग यो उत्साह थपिँदै गएको छ । वर्तमान परिस्थितिमा अदालतले विघटनको सिफारिस वैधानिक ठहर गरिदिएमा अध्यादेशमार्फत त्यस्तो कदम ओलीले चाल्दै–चाल्दैनन् त भन्न सकिन्न तर त्यसमा भन्दा चुनावी माहोलबाटै सबल सत्ताको सपना बोकेजस्तो देखिएका ओलीले त्यसलाई चुनावी एजेन्डामा समेटेर अगाडि बढ्ने सम्भावना निकै छ ।

नेकपाको वैधानिकताको प्रश्नको औपचारिक निरुपणसँगै पार्टीको दुई फग्ल्याँटाबीचको अन्तरविरोध अरु चर्किने नै छ । यो क्रम स्थानीय तहमा पुगेमा भिडन्तको खतरा उत्तिकै छ । त्यसले जनसाधारणमा लोकतन्त्र, चुनाव र दलहरुप्रति वितृष्णा बढ्नेछ। अनि शान्तिपूर्ण निर्वाचन गराउनमा निर्वाचन आयोगलाई हम्मेहम्मे पर्नेछ ।

**देशचाहिँ दुष्चक्रमै फन्फनाइरहने भो**

विघटनको सिफारिस अदालतबाट असंवैधानिक निरुपित भयो भने प्रतिनिधिसभा कोमाबाट बौरन त बौरने छ तर त्यो पहिलेको जस्तै सारसौदो भने हुनेछैन । आफ्नो भूमिकाप्रति जिम्मेवार नहुने र सरकारले मात्र गरेन भन्ने प्रवृत्तिबाट पोर्सिँदै आएका सांसद यसै मौकाको चौकामा लाग्नेछन् र संसदीय व्यवस्थाका घीनलाग्दा कृत्यहरूको पुनरावृत्ति हुनेछ । जसले लोकतन्त्रप्रति जनआस्था विश्वास डग्मगाउन प्रशस्तै मलजल गर्ने निश्चित छ । ओली समूह, राजावादी र सशस्त्र अभियानमा रहेका चन्दसम्मको शक्तिले त्यो संसदीय चालामालाको यथायोग्य धज्जी उडाउनमा तागत लगाउने नै छन् । विघटनको सिफारिस वैधानिक

बाँकी ४ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- राजनैतिक कार्यमा बाधा आउने र स्वास्थ्यमा समस्या आउन सक्छ । फलदायी यात्रा पनि नहोला, तर अभिभावकको आशीर्वादले काम गर्नसक्छ ।

**वृष** :- आज अधुरो काम पूरा होला । पारिवारिक सुखले प्रफुल्लित भइनेछ । व्यवसायका लागि यात्राको सम्भावना छ । कृषि कार्य पनि राम्ररी अघि बढ्नेछ ।

**मिथुन**:- आज मंगल कार्यको योग छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । आर्थिक क्षेत्र राम्रै रहला । आतिथ्यपूर्ण सम्मान पाइएला ।

**कर्कट** :- दाम्पत्य जीवन सुखमय हुनेछ । वैदेशिक कार्य अघि बढ्नेछ, तर यात्रामा सावधानी अपनाउनु पर्नेछ र तर्क, विवाद र प्रतिस्पर्धाबाट लाभ हुने छैन ।

**सिंह**:- धार्मिक कार्य सफल नै रहनेछ । प्रेम सम्बन्ध कसिलो होला । महिला वा मित्रबाट विशेष सहयोग मिल्नेछ । नयाँ ज्ञान सिक्ने मौका मिल्ला ।

**कन्या** :- काम देखाएर अरुको मन लोभ्याउन सकिनेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ ।

**तुला** :- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउला । बौद्धिक काममा सफलता मिल्ने र मन प्रसन्न रहनेछ । लाभदायक यात्रा पनि हुनेछ ।

**वृश्चिक** :- शुभकार्यको चर्चा चल्नेछ । नयाँ सवारी साधन प्राप्तिको योग छ । सामाजिक कार्यमा सफलता मिल्नेछ । विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**धनु** :- अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । महत्वपूर्ण अवसर गुम्न सक्छ । सामान हराउने योग छ, तर विपरीतवर्गबाट विशेष सहयोग मिल्नेछ ।

**मकर**:- आज आँटेको र ताकेको कार्य पुरा होला । ठीक समयमा सही निर्णय लिन सकिनेछ । बोलीको प्रभाव पनि बढ्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।

**कुम्भ**:- आज नयाँ कमको थालनी हुनेछ । धार्मिक यात्राको योगछ । अचल सम्पत्ति हात पर्ला । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ हुनेछ ।

**मिन** :- आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । कार्य सम्पादनमा सहजता मिल्नेछ । दिनको उत्तरार्ध सुखद् रहनेछ ।

# अर्थको अनर्थ नलागेमा

**सरोकार**

**अम्बराज मिश्र**



**मा**निसहरू आफू बाँच्नको लागि र घर परिवारलाई बचाउँन जीवनमा कस्तै जोखिमहरू उठाउन पनि तयार हुन्छन । सबै मानिसहरू एकै आर्थिक अवस्था र एउटै धरातलमा हुन्नन् । कसैले पैतृक सम्पत्तीमा खेलवाड गर्न पाएर सिन्को सम्म भाच्नु नपरेको र कोही भने दिनरात पसिना नचुहाई हातमुख जोड्ने उपाय नहुने हाम्रो नेपाली समाजको अवस्था छ भन्ने कुरा भनिरहनु नपर्ला ।

कोही सम्पत्ती भएर पनि सम्पत्तीको सदुपयोग गर्न नजानेर दुः ख पाईरहेका हुन्छन, र कोही भाग्यले साथ नदिई रहेकोले सम्पत्ती भएर पनि समयमा बुद्धि नपुऱ्याएर जोखिम उठाई जीवनलाई असहज बनाएको पाउने गरेका छौ ।

सुख र दु:ख मानिसको जीवनका दुई पाटाको भोगाई रहेकाहरूलाई नै जीवन के हो ? भन्ने बुझ्केका हुन्छन । सुखमा हुर्केका र दु:खमा हुर्केका मानिसको दैनिकी नै भिन्न भिन्न रहन्छ । सुखमा हुर्केकाहरू अन्तमा दु:खको बेलामा पनि मनकारी रहन्छन भने दु:खमा हुर्केकाहरू सुखको बेलामा पनि दुखि नै रहेको पाईन्छ । देखेका र सुनेकाहरूको हाउभाउ कटाक्ष नै सुखद प्रकारको रहन्छ र विज्ञ सरह अग्र भूमिकामा देखिन्छन । तर देख्न नपाएका र सुन्न नपाएकाहरूमा फरक प्रस्तुतीमा पाउँछौ ।

हाम्रो समाजमा यी सबै प्रकारका दिनचर्या भएकाहरूको बसोवास रहेकाले सबैखाले मानवको जम्काभेटमा रमाउनु पर्ने हुन्छ । अहिलेको समाज र उ बेलाको समाजमा आकाश जमिनको फरक पाउन सकिन्छ । उ बेलाको समाजमा अहिलेको जस्तो एक्काईसौ शताब्दिका उत्पादनको उपभोगमा सहजता त पक्कै हुन्न थियो । एक्काईसौ शताब्दीका उत्पादनले हरेक मानिसको आत्मासन्तुष्टी गराएको छ । न्युनतम मूल्यमा सबैखाले उत्पादनहरू घर घरमै पुगेको छ । र, बालक देखि वृद्धसम्म र महिला र पुरूष सम्मका सबैखाले सन्तुष्टीहरू देशको कुनाकाप्चा सम्म उपलब्ध भएको अवस्था छ ।

'अब पनि मानव मानव बीचको जीवन जिउने शैली फरक नै छ । खर्च गर्ने र बचत गर्नेको दिनचर्या आज पनि फरक नै छ । आनी बानी तथा पारिवारिक सँस्कार र सामाजिक रहन सहनले धेरै नै प्रभाव पारेको हुन्छ । एउटा सम्पन्न वाहुन परिवारका छोराले बुबाको पण्डित्याई कार्यबाट पाएको नगद जिन्सीको जोहोले चल्ने परिवारको पारिवारिक खर्चको अनुपातीक हिसाबमा धान्नलाई पर्याप्तता रहँदा रहँदै पनि लोभ गर्नु पर्ने बाध्यता उसको पारिवारिक सँस्कार रहेको हुन्छ र उसले जीवनभर अरूकै आशा गर्ने बानी रहन्छ । जसले गर्दा समाजमा उ वाहुन भएरै चिनिएको हुन्छ , अर्थात वाहुन लोभी नै हुनु पर्छ भन्ने बुझाई समाजमा रहेको छ ।

त्यसरी नै दु:खले भनौ वा हेपाईमा परेका वा दलिएकाहरूको पारिवारिक संस्कारले हुर्किएका परिवारको छोरा सधै हेपिएरै बस्नु पर्छ भन्ने बुझाई रहेकाहरू आज पनि अरूको अपेक्षामा हेपिएरै बस्न रूचाएको हो झै भन्नेमा पाईन्छ ।

यतिखेर देश र परिस्थितिले हरेक परिवार आर्थिक र शिक्षा तथा स्वास्थ उपचारको उपलब्धतामा धेरै हदसम्म उपल्लो र तल्लो जात भनिएकामा भेदभाव नरहेकै अवस्थामा पुगेको छ ।

हरेक युवापुस्ता र अविभावकहरूको उठबसले समाजमा भेदभाव भन्ने व्यवहार न्यून रूपमा पाईन्छ । जो छ त्यो पनि बृद्धहरूमा यदाकदा देखिन्छ, त्यो पनि आउने समयले मेटिएर जाने नै देखिन्छ ।

तसर्थ, अब हामीले हाम्रो समाजलाई हाम्रै नेतृत्वमा हामीले देखेका र सुनेका भौतिक सुविधा अनुसारको सम्पन्न बनाउन हातमा हात मिलाएर सँगै हिड्न सक्नु पर्दछ र जात अनुसारको समूहमा विभक्त नगराई समान अधिकार र पहुँचको आवश्यक्ताहरू पूरा गराउन सक्नु पर्दछ । विगतका तिता कुराहरू बिर्सेर र मिठा कुराहरूलाई अघि सारेर हिड्न सक्नु पर्ने आवश्यक्ता देखिएको छ । र, त्यस्तो बाटो अबलम्बन नगरी बहुलट्ठीपन देखाई अघि सर्ने जमर्को गर्नु सबैको लागि घातक सिद्ध हुनेछ । र, हाम्रो समाज हामीले चाहेको गन्तव्यमा पुग्न नपाई आजकै धरातलमै रूमलिएर सदा सदाका लागि बस्नु शिवाय केही हात लाग्ने वाला छैन ।

तसर्थ, समाजको सीप र ज्ञान अनुसारको कार्यमा सहभागीता गराई समाजलाई उपल्लो दर्जाको नाम उचाईमा पुऱ्याउनु हाम्रै कर्तब्य र दायीत्व सम्झेर भावी पुस्ताहरूमा उदाहरण बन्न सक्नु पर्दछ ।

अस्तु ....।

# सिरहाका पूराना वामपन्थी नेता लामाको निधन

**सिरहा ।** गोलबजार नगरपालिका-६ का पुराना वामपन्थी नेता इन्द्रलाल लामाको आइतबार ८२ वर्षको उमेरमा निधन भएको छ । लामो समयदेखि विभिन्न रोगले पीडित नेता लामाको आइतबार विहान उपचारको क्रममा विराटनगरमा निधन भएको हो ।

लामाको घरमै राखिएको पार्थिव शरिरमा नेपाल कम्यूनिष्ट पार्टी नेकपा दहाल-नेपाल समहूका प्रवक्ता एवं पूर्व गृहमन्त्री नारायण काजी श्रेष्ठ र पूर्वशिक्षा मन्त्री गिरीराजमणि पोखरेलले पार्टीको झण्डा ओडाएर श्रद्धाञ्जली अर्पण गरेका थिए । नेकपाका नेता एवम् पूर्वमन्त्री विश्वनाथ साह, दिपवहादुर योञ्जन, रामकुमार यादव, पेशल खतिवडा, प्रकाश पोखरेल लगायतले फूलमाला लगाएर श्रद्धाञ्जली अर्पण गरेका थिए ।

१९९५ फागुन १४ गते जन्मेका लामा २०१६-०१७ सालबाट बाम राजनीतिमा सक्रिय भएका थिए । त्यसबेलाका वामराजनीतिका नेताहरू कृष्णप्रसाद अधिकारी, रघुनाथ पोखरेलहरूको सम्पर्कमा लामा पार्टी प्रवेश गरेपनि उनीहरूको विचारसँग सहमति हुन नसकेका नेता लामा जयगोविन्द साहको नजिक भएर काम गरेका थिए ।



तत्कालीन अवस्थामा नेपालको सबैभन्दा शक्तिशाली कम्युनिष्ट पार्टी चौथो महाधिवेशनको बैकल्पीक केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए । उनले तत्कालीन अवस्थामा भएका वर्गसंघर्षको नेतृत्व गरेका थिए ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |

## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

*शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :*

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौँ ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

# प्रधानमन्त्री ओलीलाई राजीनामा दिएर आन्दोलनमा आउन कांग्रेस नेता पौडेलको चुनौती



**सप्तरी ।** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पोडैलले प्रधानमन्त्री केपी शर्मा ओलीलाई राजीनामा दिएर आन्दोलन आउन चुनौती दिएका छन् ।

नेता पौडेलले ओलीले सत्तामा बसेर आन्दोलनको धम्की दिनु हाँस्यास्पद भएको बताउँदै हिम्मत भए सत्ता छोडर आन्दोलनमा आउन चुनौती दिए । राजविराजमा नेपाल प्रेस युनियन सप्तरीले आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै वरिष्ठ नेता पौडेलले प्रजातन्त्रको लागि ओली खतरा भएको र ओलीको तानाशाहबाट देशलाई बचाउन अपिल गरे । 'सत्तामा बसेर आन्दोलन गर्छु भन्न मिल्छ ?' प्रश्न गर्दै उनले 'संसदको पुनर्स्थापना हुन्छ भने ओली सकिन्छ, त्यसैले अब न्यायालयलाई धम्की दिन थालेको छ ।' संविधानमा नभएको धारा प्रयोग गरेर ओलीले संसद विघट्न गरेको प्रष्टयाए ।

मधेस सम्मान यात्राको क्रममा राजविराज आईपुगेका पौडेलले सर्वोच्च अदालतले संसद पुनःस्थापना गर्नेमा आफ्नो पार्टी विश्वस्थ रहेको बताए । संविधानको कुनै पनि धारामा संसद विघट्नको प्रावधान उल्लेख नरहेको बताउँदै उनले सर्वोच्च अदालतले पनि त्यही संविधानको धारा पढेर फैसला गर्ने विश्वास व्यक्त गरे ।

संसद पुर्नस्थापनाको अर्को कुनै विकल्प नभएको र पुनःस्थापना नभए देश अस्थिरतामा जाने तर्क उनको थियो । नेता पौडेलले नेपाली कांग्रेसको विश्वास न्यायालय माथि रहेकाले अहिले ठूलो आन्दोलनको घोषणा नगरेको स्पष्ट पारे । मधेसलाई बचाउने कांग्रेस बाहेक अरू कुनै पार्टी नरहेको दाबी गर्दै उनले मधेसको विकासको लागि कांग्रेसले हुलाकी सडक निर्माण थालिएको बताए । हुलाकी सडक निर्माणको वस्तुस्थिति बुझ्न, मधेसका ऐतिहासिक गाउँ बस्तीको अध्ययन गर्ने उद्देश्यका साथ हुलाकी राजमार्गको यात्रा गर्दै महोत्तरीमा पुगेर टुङ्ग्याउने बताए । उनले अब मधेशवादी नाम गरेको कुनै पार्टी नरहेको बताए । यसैबीच सामाजिक लोकतन्त्र अध्ययन केन्द्र राजविराज, सप्तरीले नेता पौडेललाई स्वागत तथा सम्मान गरेको छ । संस्थाका अध्यक्ष भोगेन्द्र झाले उनलाई फूलमाला लगाई दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

सो कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति दिनेश यादव, अधिवक्ता हेमनारायण चौधरी र पूर्व साँसद तेजुलाल चौधरी सहितकाले देशको वर्तमान परिस्थिति बारे धारणा राखेका थिए ।

## सिरहामा...

कर्मचारी, जनप्रतिनिधि, सबै सरकारी कार्यालयका कर्मचारी, नेपाल प्रहरी, सीमा सुरक्षामा खटिएका सुरक्षाकर्मी, सार्वजनिक संस्थान र बैंकका कर्मचारीलाई खोप भनेको थियो । त्यसै गरी, काठमाडौंबाहिर कार्यरत पत्रकार तथा पहिलो चरणमा छुटेका स्वास्थ्यकर्मीलाई पनि कोरोनाविरूद्धको खोप लगाउन स्वास्थ्य मन्त्रालयले आवाहन गरेको थियो । यसअघि अग्रमोर्चामा रहेर कार्य गरिरहेका स्वास्थ्यकर्मी, पत्रकार तथा कूटनीतिक नियोगका कर्मचारीले शनिवार सम्म खोप लगाइसकेका छन् ।

## प्रदेश...

बताएका थिए । यसअघि तिलक परियार प्रदेश प्रमुखको रुपमा नियुक्त भएर जनकपुरधाम आउँदा विमान स्थलमा मुख्यमन्त्री राउतसहित प्रदेश सरकारका मन्त्रीहरु स्वागत गर्न पुगेका थिए ।

**'शिरमा देश र मनमा मधेस'**

नवनियुक्त प्रदेश २ का प्रमुख राजेश झाले आइतबार साँझ पदभार ग्रहण गरेका छन् । उनले 'शिरमा देश र मनमा मधेस' राखेर आइतबारबाट जन्मभूमिमा प्रदेश प्रमुखको रूपमा कार्य थालनी गरेको बताएका हुन् ।

पदभार ग्रहण गर्दै उनले प्रदेशभित्रका प्रत्येक नागरिकलाई साझा, शान्त, समृद्ध र समभावसहितको समाज निर्माणमा भूमिका निर्वाह गर्ने प्रतिवद्धता जनाएका छन् । 'देशहित र अब्बल प्रदेश निर्माण गर्न सुशासन, साझापन, सवलीकरण र सहकार्यको विकल्प नरहेकाले कतिपय पक्षमा तत्काल सुधारको खाँचो रहेको छ ।' उनले जारी गरेको विज्ञप्तीमा भनिएको छ । उनले आन्तरिक विभेद, असुरक्षा, कुनै पनि खाले दम्भ, अहंकार, दमन र अपराधलाई सबै मिलेर समाधान गर्दै जानुपर्ने बताएका छन् । जानकी मन्दिरमा पूजापाठ गरी सिधा मधेस भवन पुगेर उनले पदभार ग्रहण गरेका हुन् ।

## सुखद...

निरुपित भयो भने ओली समूहसँगै नेपाली कांग्रेसदेखि नेकपाकै अर्को समूह पनि निर्वाचनमा जानुको विकल्प बाँकी हुने छैन । चुनावमा त गइएला तर चुनावैचुनाव कसरी धान्ने र चलाउने ? एक वर्ष प्रतिनिधिसभा अर्को वर्ष स्थानीय र अर्को वर्ष प्रदेशसभाको निर्वाचन गर्ने हो भने आवधिक योजनाका पाँच वर्षमा तीन वर्ष चुनावमै बित्नेछ । पाँच वर्षमा हासिल गर्न राखिएका लक्ष्य बाँकी दुई वर्षमा हासिल कुनै हालतमा हुन सक्ने छैनन् र मुलुकले विकास गतिमा निराशा र गिरावट बेहोर्नुपर्नेछ । परिणामस्वरूप मुलुकका समृद्धिका सपना चकनाचुर मात्र हुने छैनन् नयाँ समस्या उदाउनेछन् र मुलुक दुष्चक्रमा जानेछ ।

**अन्त्यमा,**

ओलीको वर्तमान कदम कू र प्रतिगमनको परिभाषाभित्र पर्छ कि पर्दैन ? यो एउटा छुट्टै छलफलको विषय हुन सक्छ तर निर्धक्कसँग केचाहिँ भन्न सकिन्छ भने ओली कदम स्वेच्छाचारितापूर्ण रुपमा सत्ता टिकाउने र एक व्यक्तिको निर्णयमा पार्टी चलाउने मनोकांक्षाको परिचायक नमुना हो । यस्तो परिस्थितिमा अदालतबाट मुलुकलाई कमभन्दा कम क्षति हुने गरी र दीर्घकालसम्म टिक्दो निर्णय आओस् भन्ने आमनागरिक अपेक्षा छ ।

प्रतिनिधिसभा विघटनको सिफारिस असंवैधानिक ठहर भयो भयो भने कम्तीमा डेढ वर्ष राजनीतिको करेली सम्हालिन सक्ने सम्भावना बढी होला । त्यसले आवधिक निर्वाचन तिनको अवधिअनुरुपै हुने अवस्था सिर्जना हुन्छ र त्यसले एउटा राजनीतिक स्थिरताको सन्देश सञ्चार गर्नेछ ।

संसद् विघटन संवैधानिक ठहर भयो भने मुलुक शृंखलाबद्ध रुपमा निर्वाचनमा जानेछ र निर्वाचनका नाममा मुलुकको स्रोत अनपेक्षित रुपमा अनुत्पादक बन्न पुगेको मूल्यांकन जनस्तरबाटै हुनेछ । न्यायिक निरुपण राष्ट्रिय हितको सर्वोपरितासाथ आओस् ।*साभार: नेपाल समयबाट*

**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

**-: जनहितका लागि :-**

हरेक खबर, विशेष खबर | जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ | राष्ट्रिय दैनिक
लहानपोस्ट् LAHANPOST DAILY

## गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**
**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**
**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**
**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**
**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**
**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**
**औरही गाउँपालिका कार्यालय, सिरहा**
**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**
**नरहा गाउँपालिका कार्यालय, सिरहा**




लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)